www.ehetaudasandesh.com
हेटौँडा राष्ट्रिय दैनिक
# सन्देश
Hetauda Sandesh Daily
वर्षः २४ ॥ अंकः १४८ ॥ शनिबार ०१ मंसिर २०८१ ॥ प्रतिपदा ॥ ११४४ ॥ कछलाथ्व ॥ Friday 15 November 2024॥ पृष्ठ: 8 ॥ मूल्य: रु.3/- ॥

जाडो मौसममा चिसोबाट बचौं
➢जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
➢तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
➢घर तथा कोठा न्यानो बनाऔं,
➢बालबालिका तथा बृद्धबृद्धालाई तेल मालिस गरिदिऔं,
➢बढी चिसोमा मर्निङ्वाक नगरौं,
➢दैनिक घाम ताप्ने गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

*स्थानीय तह उपनिर्वाचन*

# मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना

सन्देश संवाददाता

हेटौंडा/स्थानीय तह उपनिर्वाचन–२०८१ का लागि हेटौंडा–१२ मा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ ।

शुक्रबार बिहान जिल्ला समन्वय समिति प्रमुख ललित घलान, जिल्ला सुरक्षा निकायका प्रमुख लगायतको उपस्थितिमा मुख्य निर्वाचन अधिकृत अवानी मैनाली भट्टराईले बोर्ड राखेर कार्यालय स्थापना भएको घोषणा गरेकी हुन् । उपनिर्वाचनका लागि हेटौंडा उपमहानगरपालिकाको १२ नम्बर वडा कार्यालयमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको हो । अब निर्वाचन व्यवस्थापनसम्बन्धी कार्य सम्पादन यसै कार्यालयबाट हुने उनले बताइन् ।




यस वडाबाट निर्वाचित वडा अध्यक्ष ललित घलान जिल्ला समन्वय समितिका प्रमुखमा निर्वाचित भएसागैं रिक्त रहेको स्थानमा मंसिर १६ गते निर्वाचन हुन लागेको हो । निर्वाचन कार्यतालिकाअन्तर्गत् आइतबार उम्मेदावरी दर्ता हुनेछ । वाग्मती प्रदेश निर्वाचन कार्यालय प्रमुख हरिप्रसाद ढकालका अनुसार यस वडामा कुल ८ हजार ५३ मतदाता रहेका छन् ।

मतदातामध्ये ४ हजार ४ सय २८ जना पुरुष र ३ हजार ६ सय २५ जना महिला रहेका छन् । मतदताका लागि दुई स्थानमा मतदानको व्यवस्था गरिएको छ । प्रतिभा मावि सिक्रेनीमा ५ र विष्णु ज्योति मावि भोर्लेमा ४ वटा गरी कुल ९ वटा मतदान केद्र रहेका छन् ।

मंसिर १६ गते हुने स्थानीय तहको उपनिर्वाचनको लागि निर्वाचन अधिकृतको कार्यालय स्थापना भएको छ । बिहीबार देशभर ३० वटा मुख्य निर्वाचन अधिकृतको कार्यालय र ६ वटा निर्वाचन अधिकृतको कार्यालय गरी ३८ वटा निर्वाचन अधिकृतको कार्यालयहरू स्थापना भएको निर्वाचन आयोगकी प्रवक्ता एवं सहसचिव नीता पोखरेल अर्यालले जानकारी दिइन् ।

उनका अनुसार मंसिर २ गतेदेखि ५ गतेसम्म मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा निर्वाचन कार्यक्रम सञ्चालन हुनेछ । मंसिर २ गते उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यक्रम छ । मंसिर ५ गते उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने कार्यक्रम रहेको अर्यालले बताइन् ।

## उपनिर्वाचनमा दलहरूको कडा प्रतिस्पर्धा

सन्देश संवाददाता

हेटौंडा/आगामी मंसिर १६ गते हुने उपनिर्वाचनले मकवानपुरको हेटौंडा उपमहानगरपालिका–१२ मा राजनीति माहोल तातेको छ । यस उपनिर्वाचनमा वडाध्यक्ष पदका लागि भएको प्रतिस्पर्धा यस क्षेत्रका प्रमुख राजनीतिक दलहरू बीचमा कडा प्रतिस्पर्धामा परिणत भएको छ ।



२०७९ सालको स्थानीय निर्काचनमा हेटौंडा–१२ को वडाध्यक्ष पदमा माओवादी केन्द्रका ललितबहादुर घलान विजयी भएका थिए, तर उनी हाल मकवानपुर जिल्ला समन्वय समिति प्रमुख बनेकाले यो पद रिक्त भएको हो। अब, उक्त पदलाई पुनः कब्जा गर्नका लागि तीन प्रमुख दल–नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्र– बीचमा तीव्र प्रतिस्पर्धा देखिन थालेको छ ।

*पुराना उम्मेदवार र नयाँ चुनौती*

नेपाली कांग्रेस र नेकपा एमालेले आगामी उपचुनावमा आफ्ना पुराना उम्मेदवारलाई दोश्रो पटक अवसर दिने निर्णय गरेका छन् । एमालेले राजेश नगरकोटीलाई उम्मेदवार बनाएको छ भने कांग्रेसले अर्जुन तिवारीलाई टिकट दिएको छ। दुवै उम्मेदवारलाई २०७९ को स्थानीय निर्वाचनमा पराजय भोग्न परेको थियो, र अब उनीहरू नयाँ चुनौतीको सामना गर्न तयार छन् जसकालागि नेकपा एमाले र नेपाली कांग्रेस तिब्र रुपमा प्रचार प्रसारमा लागिरहेको छ ।

अर्कोतर्फ, माओवादी केन्द्रले युवा नेता रविन प्रधानलाई वडाध्यक्षका उम्मेदवारको रूपमा अघि सारेको छ । माओवादी केन्द्रले यस क्षेत्रको आफ्नो परम्परागत समर्थनको आधार मा वडाध्यक्ष पद आफ्नो पोल्टामा राख्ने दाबी गरेको छ ।

यसका लागि पार्टीले लामो समयदेखि चुनावी अभियान सञ्चालन गर्दै आएको छ, जसमा पार्टीका नेता र कार्यकर्ताले सक्रिय भूमिका खेलेका छन् ।

*स्थानीय दलको भूमिका :*

हेटौंडा–१२ को उपचुनाव स्थानीय तहका प्रमुख दलहरूको प्रतिष्ठाका लागि महत्वपूर्ण बनिसकेको छ । खासगरी माओवादी केन्द्रका लागि यो उपचुनाव एक प्रकारको प्रतिष्ठा र साखको मुद्दा बनिसकेको छ। २०७४ र २०७९ मा माओवादी उम्मेदवार घलानले यस वडामा सफलता प्राप्त गरेपछि माओवादी केन्द्रलाई यो क्षेत्र जोगाउन तिब्र दबाव छ। यसकारण माओवादी पार्टीले झण्डै तीन महिनादेखि चुनावी अभियानलाई तीव्र गति दिइरहेको छ ।

दोस्रो तर्फ, नेपाली कांग्रेस र नेकपा एमालेले पनि कुनै कसर बाँकी राखेका छैनन् । कांग्रेसको स्थानीय तहमा सशक्त उपस्थिति कायम राख्नका लागि अर्जुन तिवारीलाई उम्मेदवार बनाउदैं जित हात पार्ने योजनासहित टिकट दिने निर्णय गरि सकेको छ, जबकि नेकपा एमालेले पनि राजेश नगरकोटीलाई उम्मेदवार बनाउंदा जित आफ्नो पोल्टामा पार्न सकिने भन्दै वडाध्यक्ष पदमा विजय प्राप्त गर्ने दाबी गरेको छ ।

*मंसिर १६ मा हुने उपनिर्वाचन*

मंसिर १६ मा हुने उपनिर्वाचन देशभरिका विभिन्न स्थानमा ४४ रिक्त स्थानका लागि मतदान हुँदैछ । बागमती प्रदेशमा यस निर्वाचनअन्तर्गत ७ स्थानमा मतदान हुनेछ, जसमा हेटौंडा–१२ वडाध्यक्ष पनि सामेल छ । अन्य स्थानमा विभिन्न नगरपालिकाका प्रमुख र गाउँपालिका उपाध्यक्षका पदका लागि पनि चुनावी प्रतिस्पर्धा हुने छ ।

हेटौंडा–१२ मा भएको यो उपनिर्बाचन मात्र होइन, बागमती प्रदेशका अन्य स्थानमा पनि पार्टीहरूले आफ्नो वर्चस्व कायम राख्न कडा संघर्ष गर्नेछन्। यो उपनिर्वाचन हेटौंडा र बागमती प्रदेशका राजनीतिक दलहरुबिचमा नयाँ मोड ल्याउने र आगामी चुनावी रणनीतिहरूको दिशा तय गर्ने महत्वपूर्ण घडी बन्ने राजनीतिज्ञहरुको आंकलन छ ।

*साभार : क्रियटर नेपाल*

# जलवायु परिवर्तनबाट हुने असर न्युनिकरणमा सबै एकजुट हुनुपर्नेमा जोड

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशमा जलवायु परिवर्तनबाट हुने असर न्यूनीकरणमा सबै एक जुट हुनुपर्नेमा जोड दिइएको छ । शुक्रबार *जनपत्र मिडिया प्रा.लि.* हेटौंडा–२ को आयोजना तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहकार्यमा जलवायु परिवर्तका कारण बागमती प्रदेशका बिभिन्न क्षेत्रमा परेको असरका विषयमा हेटौंडामा आयोजित अन्तर क्रिया कार्यक्रममा सहभागिहरुले यस्तो कुरामा जोड दिएका हुन् ।

जलवायु परिवर्तनका कारण धेरै खालका समस्या भएको र यसको समस्या विश्वव्यापीरुपमा भएकाले पनि सबैले आफ्ना क्षेत्रबाट लाग्नका लागि कार्यक्रममा सहभागि प्रदेशसभाका समितिका सभापति, पूर्व मन्त्री, यस क्षेत्रमा काम गरेका सरोकारवालाहरु, बिभिन्न क्षेत्रका व्यक्तित्वहरुले कार्यक्रममा सुझाब दिएका छन् ।

कार्यक्रमका प्रमुख अतिथि बागमती प्रदेशसभा उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठले जलवायु परिवर्तनको रोकथाम र न्यूनिकरणका लागि तीन तहका सरकारबीच समन्वय अभाव भएको बताए । बागमती प्रदेश सरकारमा वातावरण क्षेत्र हेर्ने कानुनदेखि कार्यालय र कर्मचारीसमेत नभएको बताए । उनले भने–'स्थानीय तहले जलवायु परिवर्तनका क्षेत्रमा काम गर्न सकेनन् । जलवायु परिवर्तनबाट नेपाल पहिल्यैदेखि प्रभावित रहँदै आएको छ ।'

सभापति श्रेष्ठले यसको असर बारे भर्खरै थाहा पाउन थालेको उल्लेख गरे । नेपालको विकास प्रणाली र उत्पादनका हिसाबले जटिलता बढ्दै गइरहेको उनले बताए । प्राकृतिक प्रकोपको सबैभन्दा बढी प्रभाव




गरिब र विपन्नवर्गलाई परेको भन्दै उनले जलवायु परिवर्तनको न्यूनिकरणबाट यसको समाधान निकाल्नुको उपाय नभएको धारणा राख्नुभयो । पृथ्वी मानिसको बसोबासका लागि अयोग्य बन्दै गइरहेको उनको भनाई छ ।

बागमती प्रदेशसभा सदस्य तथा पूर्वसामाजिक विकास मन्त्रीकुमारी मोक्तानले बागमती प्रदेशमा जलवायु परिवर्तनका प्रभावका विरुद्धमा गरिने कार्यका लागि कानुनी व्यवस्था नै नभएको सांसद मोक्तानले बताए । वातावरण क्षेत्रका विज्ञता, कार्यालय नै प्रदेशमा नरहेको उनको जिकिर छ ।

प्रदेशमा जलवायु परिवर्तनका प्रभावसँग प्रतिकाका रुपमा काम गर्ने सरकारी संरचना आवश्यक रहेको बताउँदै उनले भने–'कृषि क्षेत्रको उत्पादन घटेकाले जलवायु परिवर्तनबाट भयावहको स्थिति उत्पन्न भएको छ। विषादीको प्रयोगका कारण कृषि उत्पादन धेरै हुने क्षेत्रका किसानहरुमा क्यान्सर रोग लागेको छ।' माथिल्लो हिमाली क्षेत्रमा पानीको स्रोत सुकेकाले पहाडी र तराईका क्षेत्रमा ठूलो समस्या आएको मोक्तानले बताए ।

पूर्वाधार विकासमा इन्जिनियर प्राविधिकले आफ्नोढंगले काम गर्न नपाउनु र जनप्रतिनिधि नै हाबी हुँदै आइरहेको प्रवृतिले विपद्जन्य घटनालाई बढावा दिइरहेको बताए। जलवायु परिवर्तनका असरसँगै मानवीय त्रुटीहरुलाई सँगैसँगै रोकथामको नीति लिएर राज्य अगाडि बढ्नुपर्छ ।

कार्यक्रममा डिभिजन वन कार्यालय मकवानपुरका अधिकृत राधिका शर्माले जलवायु परिवर्तनका कारण समाजमा अहिले सम्म परेको असर र अब हुन सक्ने असरका विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो। कार्यक्रममा अतिथिका रुपमा बागमती प्रदेशसभाका उद्योग, पर्यटन तथा वातावरण समितिका सचिव राजु श्रेष्ठको आतिथ्यता रहेको कार्यक्रममा जनपत्र मिडिया प्रालिका अध्यक्ष हरि हुमागाईको अध्यक्षतामा भएको हो ।

सहभागि कसले के भने ?

*रमिला सापकोटा, अध्यक्ष, गैरसरकारी संस्था महासंघ मकवानपुर*

नेपालमा र प्रमुखतः बागमती प्रदेशमा जलवायु परिवर्तनको असर डरलाग्दो रुपमा देखिएको छ । बिगतमा जस्तै मनसुन बाहिरिसक्ने असोज महिनाको दोस्रो हप्तामा अविरल वर्षाका कारण बागमती प्रदेशमा ठूलो जनधनको क्षती भएको छ । यो जलवायु परिवर्तनको प्रमुख कारण हो । गैसस महासंघ मकवानपुरले जिल्लाका अधिकांश स्थानीय तहमा जलवायु परिवर्तनको क्षेत्रमा काम गर्नेगरी नीति बनाउन पहल गरेको छ । बागमती प्रदेशलाई हरित प्रदेश घोषणा गर्ने सरकारको घोषणा कागजमै सीमित बनेको छ । प्रदेश सरकारले जलवायु परिवर्तनको असर न्यूनिकरणका क्षेत्रमा काम गर्न नसकेको र बिनियोजित बजेट परि चालनमा पनि कमजोर देखिएको छ।

*लक्ष्मी माझी, महासचिव, माझी राष्ट्रिय मुक्ती मोर्चा नेपाल तथा गाउँकार्यपालिका सदस्य, बकैया गाउँपालिका कार्यालय*

खोला किनारमा बसोबास गर्दै आइरहेको माझी समुदायको पानीको स्रोत सुकेका कारण जीवनयापनमै समस्या भइरहेको छ। बागमती नदीको कालो पानी खानुपर्ने बाध्यतामा माझी समुदाय रहेको पाईन्छ, साथै जोखिमपूर्ण जीवन बिताउँदै आएका नागरिको संरक्षणमा पनि राज्यले ध्यान दिनुपर्छ। जलवायु परिवर्तनका कारण मात्र नभई क्रसर उद्योग लगायतका पूर्वाधारका संरचनाहरुले विपदजन्य घटना बढाएको पाईएको छ । राजनीतिक नेतृत्वले जलवायु परिवर्तनका क्षेत्रमा काम गर्ने गरी योजना बनाउन सकेको देखिदैन ।

*कुमारी वाइवा, संयोजक, हिमराइट्स मकवानपुर*

नागरिक समाजले उठाएका विषयमा राज्य गम्भीर हुन जरुरी छ। जलवायु परिवर्तनको रोकथाम र न्यूनिकरणका लागि तीन तहको सरकारको समन्वय आवश्यक छ । समन्वय अभावका कारण यसका क्षेत्रमा काम नै हुन सकेको छैन् ।

*दीपक पुडासैनी, सचिव, राष्ट्रिय कृषक समूह महासंघ नेपाल*

धुँवा, धूलो, ग्यांस र प्लाष्टिक जन्य पदार्थको प्रयोग क्रमश घटाएर जलवायु परिवर्तनको असर न्यूनिकरणका लागि सहरमा मात्रै केन्द्रित नगरी ग्रामिण क्षेत्रमा पनि क्रियाकलापहरु गर्नुपर्ने आवश्यकता देखिन्छ । राज्यले जलवायु परि–वर्तनको रोकथाम र न्यूनिकरणका लागि मुख्य बिन्दुमै पुगेर काम नै गर्न सकेको छैन् । डंढेलो रोक्न राज्यसँग उपयुक्त नीति र योजना नै छैन् । पानीको रिचार्ज हुने गरी संरचना निर्माणमा जोड गर्नुपर्छ ।

*नानीमैया रुम्बा, कोषाध्यक्ष, सामुदायिक वन उपभोक्ता महासंघ बागमती प्रदेश*

विकासको नाममा विनास भइरहेकोले यसलाई रोक्न आवश्यक छ। जंगली जनावर र मानवबीचको द्वन्द्व रोक्नुपर्नेछ । जनावर र मानवको संरक्षणका लागि राज्यले उपयुक्त नीति अबलम्बन गर्नुपर्नेछ । वनजंगलको विनाश र अव्यवस्थित विकासले जलवायु परिवर्तन गराइरहेको छ। यसलाई रोक्न नसके जीवनयापन संकट बन्दै गइरहेको छ ।

*अर्जुनप्रसाद घिमिरे, अध्यक्ष, चालिसे कृषक समूह हेटौंडा-१७ राजदेवी*

जलवायु परिवर्तनका प्रभावका उत्पन्न समस्याका कारण कृषि पेशा गर्न अप्ठ्यारो र जटिल बन्दै गइ रहेको छ। खोला नाला तथा मुलका श्रोतमा पानी सुक्दै जानुले सिंचाईमा समस्या र जंगली जनावर मानव बस्ती र खेतियोग्य जगामा आइपुग्नुले ठूलो नोक्सानी स्थानीय किसानहरुले व्यहोर्नु परेको छ ।

*गोविन्द पौडेल, राष्ट्रिय कृषक समूह महासंघ नेपाल, मकवानपुर संयोजक*

राज्यले जलवायु परिवर्तनका कारणहरुको साना–साना समस्याहरुमा ध्यान नै दिन सकेको छैन्। किसानले उठाएका सबालमा स्थानीय तहले चासोका साथ लिने गरेको छैन् । कृषि उत्पादनमा विषादीको प्रयोग र प्लाष्टिकको प्रयोग घटाउन सके जलवायु परिवर्तनको असर कम गर्न सकिन्छ। यसको समस्या समाधानका लागि पहिला साना विषयहरुबाट काम गर्न जरुरी छ। यसका लागि स्थानीय पालिका र उपमहानगरपालिका हुंदै प्रदेश सरकारले बिशेष चिन्ता र चासो लिनेपर्ने देखिन्छ ।

## हेटौंडामा 'हेटौंडा रन प्रतियोगिता' हुँदै

सन्देश संवाददाता

हेटौंडा/मंसिर पहिलो हप्ता हेटौंडामा तेस्रो संस्करणको 'हेटौंडा रन' दौड प्रतियोगिता हुने भएको छ । नगर खेलकुद विकास समिति हेटौंडा उपमहानगरपालिकाको आयोजन मंसिर ४ गते मंगलबार ५ किलोमिटरको दौड प्रतियोगिता हुने भएको हो । आयोजकले शुक्रवार हेटौंडामा पत्रकार सम्मेलन गर्दै प्रतियोगिताको तयारी पूरा भएको जनाएको छ ।

समिती अध्यक्ष रविन्द्र घिमिरेका अनुसार प्रतियोगितामा करिब ३ लाख रुपैयाँको खर्च अनुमान गरिएको छ। दौडको विजेताले नगद २५ हजार, उपविजेताले १५ हजार र तृतीयले १० हजार रुपैयाँ नगद




प्राप्त गर्नेछन् । प्रतियोगितामा सान्त्वना पुरस्कार ५ हजार, पाँचौं पुरस्कार ३ हजार र प्रोत्साहन पुरस्कार स्वरुप २ जनालाई ४ हजार रुपैयाँ प्रदान गरिनेछ ।

'प्रतियोगितामा हेटौंडाको १९ वटा वडाका धावकहरु मात्र सहभागी हुन पाउनेछन् । हामीले यस वर्षदेखि खेलाडी उत्पादन गर्ने उद्देश्यले दौड आयोजना गरेका हौं ।', अध्यक्ष घिमिरेले आगामी वर्षबाट प्रतियोगिताको पुरस्कार राशीमा वृद्धि गरिने बताए । उनले धेरैभन्दा धेरै खेलाडी सहभागी होस् भन्ने उद्देश्यसाथ प्रतियोगिता हुने दिन विहानसम्म खेलाडी दर्ता गर्न सकिने व्यवस्था मिलाइएको बताए ।

हेटौंडाको बुद्धचोकबाट सुरु हुने दौड भैरवरोड, लक्ष्मी आधारभूत विद्यालय, सूर्यचोक, नवोदय, सत्यमचोक, थाहाचोक, सितलमहल चोक, ओमभवनहुँदै पुनः बुद्धचोकमा आएर समापन हुनेछ ।

प्रतियोगितालाई प्राविधिक सहयोग जिल्ला एथ्लेटिक्स संघ मकवानपुरले गरेको छ । पत्रकार सम्मेलनमा समितिका सदस्यद्वय सुनिल लोप्चन र विनोद राय तथा एथ्लेटिक्स संघ सचिव राजाराम पोखरेललगायत सहभागी थिए ।

समितिले चालु आर्थिक वर्ष २०८१/०८२ नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको खेलकुदमध्ये पहिलो प्रतियोगिता आयोजना गर्न लागेको हो ।

चाडपवको बेला सुरक्षित यात्रा गरौ
चाडपर्वमा यात्रुको चाप बढ्ने भएकोले,
☞पर्याप्त संख्या र नियमितरुपमा सवारीसाधन सञ्चालन गरौं ।
☞सवारीसाधनमा अनावश्यक भिडभाड नगरौं ।
☞सवारीसाधनमा क्षमताभन्दा बढी यात्रु नोकौं ।
☞सवारीसाधनको छतमा बसेर यात्रा नगरौं ।
☞सवारीसाधनको नियमित मर्मत तथा परीक्षण गरौं ।
☞मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाऔं ।
☞दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।
बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा मकवानपुर, नेपाल

*महिला प्रहरीलाई*

## स्तन तथा पाठेघरको क्यान्सर बारे सचेतना

सन्देश संवाददाता

हेटौंडा/नेपाल अर्बुदरोग निबारण संस्था मकवानपुर शाखा द्वारा आयोजना र जिल्ला प्रहरी कार्यालय मकवानपुर हेटौडको समन्वयमा सामुदायिक प्रहरी सेबा केन्द्र हेटौंडा–११, थानाभ्न्याङमा महिला प्रहरीलाई लक्षित गरि स्तन तथा पाठेघरको मुखको क्यान्सर बारे सचेतना कार्यक्रम शुक्रबार सम्पन्न भएको छ ।

सस्थाका अध्यक्ष माधब अधिकारीको सभाध्यक्षता, जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरिक्षक बिश्वराज खड्काको प्रमुख आतिथ्यता, हेटौडा उपमहानगर पालिकाको बडा नं ११ को बडा अध्यक्ष जुना दहालको बिशिष्ट आतिथ्यता, नेपाल अर्बुद्वरोग निबारण सस्थाका केन्द्रीय उपमहासचिव प्रकाश खतिवडा र बागमती प्रदेश संयोजक



गणेश कोईरालाको बिशेष आतिथ्यता, सस्थाको सस्थापक अध्यक्ष एवम् पुर्वकेन्द्रीय उपाध्यक्ष कपिला जोशी, सस्थाका कार्यसमिति सदस्य पुरुषोत्तम पौडेल, मेलमिलाप संयोजक शर्मिला अधिकारी, महिला स्वास्थ्य स्वयंसेविका बिजया अधिकारीलगायत ५५ जनाको सहभागिता रहको थियो। कार्यक्रममा स्तन क्यान्सर र पाठेघरको मुखको क्यान्सरको बारेमा बिस्तृत प्रस्तुती सस्थाको सस्थापक अध्यक्ष एवम् पुर्व केन्द्रीय उपाध्यक्ष कपिला जोशीले गरेकी थिईन् ।

प्रमुख अतिथि जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उप–रिक्षक बिश्वराज खड्काले प्रहरी महिलालाई स्तन र पाठेघरको मुखको क्यान्सरको बारेमा सचेत गराई यो रोग लाग्नबाट बच्न अपनाउनु पर्ने साबधानीको बारेमा जनकारी गराउदै यस्तो रोग लागेमा सयममै उपचार गरेमा निको हुन्छ भन्ने सन्देश प्रबाह गर्नु भएकोमा नेपाल अर्बुद्धरोग निवा–रण सस्थालाई हार्दिक धन्यबाद ज्ञापन गरेका थिए ।

बिशिष्ट अतिथी हेटौडा उपमहानगरपालिका बडा नं ११ की बडाअध्यक्ष दहालले नेपालमा बढ्दो रुपमा देखिएको क्यान्सर जस्तो भयाबह रोगको सचेतनाको लागि बडाकार्यालय सदा सहकार्य गर्न तयार रहको बताउंदै क्यान्सरको बारेमा सचेतना कार्यक्रम बिद्यालय र टोल विकास सस्था लक्षित गर्न आग्रह गरेकी थिईन् ।

नेपाल अर्बुद्धरोग निबारण सस्थाका केन्द्रीय उपमहासचिव खतिवडाले महिलालाई आफ्नो स्तन आफै परिक्षण गराउन सिकाउने र पाठेघरको मुखको क्यान्सर के कारणले हुन्छ त्यसबाट बच्न अपनाउनु पर्ने बिधि सिकाई र महिलालाई क्यान्सरमुक्त गराउने अभियानस्वरुप कार्यक्रम भएको बताए । उनले धुम्रपानमा कर बृद्धि गरि धुम्रपानको माग घटाउन सरकारसंग आग्रहसमेत गरे ।

बागमती प्रदेश संयोजक गणेश कोईरालाले आहार, बिहार र ब्यबहारमा सकारात्मक परिबर्तन गरेर, सचेत भएर जिवन निर्वाह गरेमा क्यान्सर रोग लाग्नबाट जोगिन सकिन्छ भन्दै यस्ता सचेतना मुलक कार्यक्रम नियमितरुपमा निरन्तर गर्नुपर्नेमा जोड दिए ।

सस्थाका अध्यक्ष माधब अधिकारीले सचेतना कार्यक्रममा जिल्ला प्रहरी कार्यालयबाट सहकार्य भएकोमा धन्यबाद ज्ञापन गर्दै यस्ता किसिमको सचेतना कार्यक्रमले क्यान्सर लाग्नबाट जोगाउने भएकोले प्रदेश र स्थानीय सरकारले क्यान्सरको बारेमा सचेतना जागृत गर्ने खालका कार्यक्रममा सस्थासंग सहकार्य गरि सञ्चालन गर्न आग्रह गर्दै रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नै नदिने उपाय गर्न सचेतनामूलक कार्यमा सहकार्य गर्न आग्रहसमेत गरेका थिए।

कार्यक्रमको संचालन समाजसेवी अनिता न्यौपानेले गरेकी थिईन् ।

ॐ आरोग्य उपभोक्ता सहकारी संस्था लि. को
साधारणसभा बारेको सूचना
यस सहकारी संस्थाको १२ औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा हुन गईरहेको ब्यहोराको पत्र सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई टेलिफोन, रेडियोद्वारा जानकारी गराई सकिएको छ, यदी सूचना प्राप्त नभएको भए यसै सूचनालाई आधार मानेर संस्थाका सम्पूर्ण शेयरसदस्य महानुभावहरुलाई सभामा अनिवार्य उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।
कार्यक्रम :
मिति : २०८१ मंसिर ०१ गते शनिबार ।
समय: ११:०० बजे ।
स्थान: हेटौंडा-४, पशुपति मन्दिरको सभाहल ।
विरकृष्ण महर्जन (अध्यक्ष) सर्म्पक : ९८५५०६९२३५
बिष्णुप्रसाद दाहाल (सचिव) सम्पर्क : ९८४५०३०१७२

# के लिंग परिवर्तन गर्नु मानसिक रोग हो ?



काठमाडौं/हालै मात्र भारतीय पूर्व क्रिकेटर तथा टिम इन्डियाका ब्याटिङ कोच सञ्जय बांगरका छोराले लिंग परिवर्तन गरे । आर्यनबाट उनी अनाया बनिन् । आर्यन आफैं क्रिकेटर हुन् । १० महिनाअघिसम्म उनी केटा थिए । तर, अहिले केटी भएकी छिन् ।

उनले लिंग परिवर्तनको शल्यक्रिया गराइन् । यही निर्णयका कारण उनले क्रिकेट पनि सदाका लागि छोड्नुपरेको छ । 'केटाबाट केटीमा परिणत हुन सजिलो छैन । कतिपयले यसलाई मानसिक रोग भन्छन्, तर, यस्तो होइन । चिकित्सा भाषामा यसलाई 'जेंडर डिस्फोरिया' भनिन्छ र यो मानसिक रोग होइन ।' आफ्नो सामाजिक सञ्जालमा हालै उनले बताएकी थिइन् ।

*'जेन्डर डिस्फोरिया'लाई स्वीकार गर्दैन समाज*

हामी सबै आ-आफ्नो शरीरलाई खुसी हुन्छौं । यसलाई सिर्गार्छौं, सजाउँछौं । तर यो संसारमा यस्ता केही मानिसहरु पनि छन् । जसको शरीर र आत्मा फरक हुन सक्छ । शरीरले केटा भएर पनि कोही मनले केटी हुन सक्छन्, केटी भएर पनि केटा हुन पनि सक्छन् । लिंग केटाको भएपनि कसैको सोच-विचार केटीको जस्तै हुन्छ, केटीहरू जस्तै जिउन रुचाउँछन् ।

तर, हाम्रो समाजमा यस्ता व्यक्तिलाई कुनै मानसिक विकार मान्दछन् । उनीहरुलाई दुर्व्यवहार र उत्पीडन गरिन्छ । तर मनोचिकित्सक मुस्कान यादव जेन्डर डिस्फोरिया मानसिक रोग नभएको बताउँछन् । ट्रान्सम्यान वा ट्रान्सवुमन बन्न चाहने मानिसहरूलाई केही प्रश्न हरू सोधिन्छन् । यो एउटा स्कोरिङ प्रणाली हो जसमा व्यक्ति मानसिक रूपमा बिरामी छ कि छैन भनेर जाँच गरिन्छ ।

*कयौं सेसनपछि थाहा हुन्छ डिस्फोरिया*

जेन्डर डिसफोरिया भएका व्यक्तिको पहिचान एकै पटकमा हुन्न । कयौं सेसन पछि मात्रै यसको पहिचान हुन्छ । यसका लागि ६ महिना वा १ वर्ष पनि लाग्न सक्छ । यदि कुनै व्यक्तिलाई जेन्डर डिसफोरिया छ भने मात्र उसको लिङ्ग परिवर्तन गर्न सकिन्छ ।

मनोचिकित्सकबाट स्वीकृति प्राप्त भएपछि, एन्डोक्रिनोलोजिस्टले लिंग बदल्ने शल्यक्रिया अघिको प्रक्रिया सुरु गर्दछ । शल्यक्रिया गर्नु अघि यस्ता व्यक्तिको पारिवारिक इतिहास सोधिन्छ । उनीहरुको कलेजो र मृगौलाको फङ्शनिङ परीक्षण गरिन्छ । रक्तचाप, सुगर, थाइराइड परीक्षण, क्रोमोजोम अध्ययन गरिन्छ ।

*बाल्यकालमै पनि हुन सक्छ पहिचान*

जेन्डर डिस्फोरिया भएका व्यक्तिको पहिचान २-३ वर्षको उमेर मै पनि हुन सक्छ । तर अभिभावक हरूले यसका लक्षणहरूलाई बेवास्ता गर्छन् । यस्ता बालबालिका बाल्यकालदेखि नै आफ्नो यौन पहिचान प्रति सन्तुष्ट हुँदैनन् । बालकले बाल्यकालमै आमाको लिपस्टिक र नेल पालिस लगाउन थाल्छ । साडी वा कुर्ता लगाउँछन् । बालिकाहरू फ्रक लगाउन मान्दैनन् ।

पिता वा दाजुले जस्तै दाह्री वा जुँगा बनाउने गर्छन् । किशोरावस्थामा प्रवेश गरेपछि हर्मोनल परिवर्तनले यस्ता बालबालिका समस्यामा पर्न थाल्छन् । दाह्री र जुँगा देखेपछि बालकलाई रिस उठ्छ र महिनावारीका कारण बालिकाहरू चिढिन थाल्छन् । यस्तो अवस्थामा अभिभावकले गाली गरे भने उनीहरू एक्लोपन वा डिप्रेशनको सिकार हुन थाल्छन् । कतिपय त विद्यालय जानै चाहँदैनन् वा छाड्छन् ।

*हरेक महिना सुई लगाउनुपर्छ*

केटाबाट केटी बन्न चाहने हरूलाई एस्ट्रोजनको सुई दिइन्छ । केटीबाट केटा बन्न चाहनेहरूलाई टेस्टोस्टेरोन इन्जेक्सन दिइन्छ । यो प्रक्रिया ढिलो र छिटो दुबै विकल्प हरूमा उपलब्ध हुन्छ । छिटो छिटो परिवर्तन चाहनेहरूलाई हप्ता वा १० दिनमा एउटा सुई लगाइन्छ ।

सुस्तरी परिवर्तन चाहने हरूलाई महिनामा एक पटक मात्रै सुँई लगाइन्छ । यसपछि फलोअप हुन्छ । कतिपय व्यक्तिमा ३ महिना भित्र परिवर्तन देखिन थाल्छ भने केहीमा १ वर्षभित्र ।

*पहिला आन्तरिक त्यसपछि मात्रै हुन्छ शारीरिक परिवर्तन*

जो मानिस ट्रान्सम्यान वा ट्रान्सवुमन बन्छन् उनीहरुको शरीरको बाहिरी अंग आफ्नो इच्छा अनुसार परिवर्तन हुन्छ भन्छन् दिल्लीको सर गंगाराम अस्पतालका प्लास्टिक तथा कस्मेटिक सर्जन डा ललित चौधरी बताउँछन् ।

उदाहरणका लागि, यदि केटी ट्रान्सम्यान बनिरहेको छ भने उनको स्तन र पाठेघर हटाइनेछ । त्यसैगरी, ट्रान्समेनहरूले स्तनको र अनुहारको शल्यक्रिया गर्छन् । यस क्रममा अनेकौं शल्यक्रिया गरिन्छ । अन्ततः जनेन्द्रीयलाई प्रतिस्थापन गरिनेछ । तर यो निकै गाह्रो शल्यक्रिया हो र धेरैजसो ट्रान्समेन र ट्रान्सवुमेनले यो गर्न सक्दैनन् । यी सबै शल्यक्रियामा १ देखि २ वर्ष लाग्न सक्छ ।

*जीवनभर लिनुपर्छ हर्मोनको सुँई*

सेक्स रिअसाइन्मेन्ट सर्जरीपछि केटा वा केटी जस्तै शरीर त प्राप्त गर्न सकिन्छ । तर, यो प्राकृतिक हुँदैन । त्यसैले शरीरमा हर्मोनलाई कृत्रिम रूपमा राख्नुपर्छ । यो शल्यक्रिया गर्ने व्यक्तिहरूले प्रत्येक ३ महिनामा एउटा हर्मोनल सुँई लगाउनुपर्छ । यो सुँई जीवनभर लगाउनु पर्छ, ताकि मन अनुसार शरीर देखियोस् । यस्ता मानिसहरू कहिले पनि सन्तान जन्माउन सक्दैनन् ।


## घटना दर्ता सम्बन्धि

### कैलाश गाउँपालिकाको

## अनुरोध

तपाईंको घर परिवारमा हुने गरेका जन्म, मृत्यु, बिवाह, बसाईसराई, सम्बन्ध बिच्छेदलगायतका घटनाहरु समयमै पालिकाको सम्बन्धित वडा कार्यालयहरुमा गई दर्ता गराउनु हुन समस्त गाउंपालिकाबासीमा अनुरोध गरिन्छ ।

कैलाश गाउंपालिका
गाउंपालिकाको कार्यालय
मकवानपुर


## सन्दर्भः गोरखकाली पूजा




गुरु गोरखनाथ भन्नु हुन्छ 'देवलहरुको, देवालयहरुको यात्रा सुनो यात्रा हा' अर्थात् देवालयहरुको परिभ्रमण आदि आध्यात्मिक हिसाबले अर्थहीन छन्, शून्य बराबर छन्, निष्प्राण छन्–हुन त देवालयहरुको भूमिका, धर्म र संस्कृतिका हिसाबले अत्यन्तै महत्वपूर्ण छ तर यदि जात्रा छ किन्तु श्रद्धा छैन, भाव छैन र भक्ति छैन भने "देवल जात्रा" मात्र गरेर पनि के फाइदा हुन्छ र ?

मूर्तिको पूजा चाहिं गर्ने मान्छेको पूजा नगर्ने । देवालय धाउने तर घरलाई चाहिं देवालय बनाउन नसक्ने । मन्दिरका देउताको पूजा गर्ने तर आफूमा देवत्व जगाउन नसक्ने । सानो परिधि र परिसरमा ढुङ्गाले बनेका देउतालाई चाहिं फलफूल, नैवेद्य आदि चढाउने तर प्रत्येक मानवमा, पशुपंक्षीमा देवत्वको वास छ भनी नस्वीकार्ने । एवं सेवा गर्न नसक्ने । आदि यस्ता धार्मिक आडम्बरी पनलाई देखेर नै गुरु गोरखनाथले खडी भाषामा(प्राकृत भाषामा, जन– भाषामा, देहाती भाषामा) ठाडो व्यङगय गर्नुभएको हो । बाबा गोरख र गोरखकाली को नेपाली इतिहासमा महत्व बाबा गोरख र गोरखकाली को नेपाली इतिहासमा असाध्यै धेरै महत्व छ । पृथ्वी नारायण शाह र बाबा गोरख बिचको भेट, पृथ्वी नारायण शाहको गोडामा पर्न गएको बान्ता र बाबा गोरखले पृथ्वी नारायण शाहलाई दिएको जहाँ टेकिन्छ त्यहाँ विजय हुनु भन्ने आर्सीवाद नै नेपाल एकीकरणको एउटा असाध्य बलको ऊर्जा र सामर्थ्यको कारण पनि मानिन्छ ।

बाबा मछिन्द्रनाथका अनन्य भक्त गोरखनाथ बाबा को महिमा नेपाल भारतलगायत विश्वभरि कै सनातन समुदायमा विशेष छ । यिनै बाबा गोरखको नामसँग आसन्न शाहवंश राजाहरूको उद्गम जिल्ला गोर्खा अनि गोरखकाली मन्दिरको नेपालको पूर्व राजपरिवारमा विशेष महत्व छ ।

स्मरण रहोस्, बाबा गोरखको इतिहासमा गोरखा दरबार र राजवंश का साथै पशुपतिको मृगस्थलीमा भएको गोरख मन्दिर र त्यहाँ बाबाले गर्नु भएको १५ वर्षको ध्यानको कुरा पनि जोडिएर आउँछ । मृगस्थलीको गोरखा मन्दिर संरक्षण र ब्यबस्थापनको कमीमा बेवास्ता गरिएको अवस्था मा छ । गोरखा दबार क्षेत्रमा गोरखकाली देवीको पीठ छ । यसै पीठलाई शाह वंशको कूलदेवी मानिन्छ । पौष कृष्ण अष्टमीमा गोरखालीको पूजा अर्चना गर्ने चलन रहन्छ । आज गोरखाको गोरखकाली मन्दिरमा विशेष पूजा अर्चना गरिन्छ ।

# 'तराई मधेसमा समाचकेवा'



बारा/दाजु बहिनीको प्रेमको प्रतीकको रूपमा रहेको तराई-मधेसको मौलिक पर्व समाचकेवाको रौनक अहिले बारालगायत प्रदेश-२ मै छाएको छ । अहिले गाउँगाउँमा किशोरीहरू समूह-समूह बनाएर समाचकेवा खेल्न थालेका छन् । गोवर्द्धन पूजा (शुक्रबार) रातीदेखि उनीहरू समाचकेवा खेल्न थालेका हुन् ।

कात्तिक पूर्णिमासम्म खेलिने यस मौलिक पर्वले अहिले गाउँको रौनक बढाएको छ । यो पर्व विशेष गरी तराई मधेसका रौतहट, बारा, पर्सा, रौतहट, सर्लाही, सिरहा, सप्तरी, धनुषा, महोतरी, नवलपरासीलगायत छिमेकी राष्ट्र भारत बिहारका विभिन्न गाउँ तथा सहरी क्षेत्रमा बसोबास गर्ने मधेसी तथा थारू मूलकी अविवाहित किशोरीले मनाउने गर्दछन् । द्वापरयुगमा भगवान् श्रीकृष्णले आफ्नो बाल्यकाल गोकुलमा बिताई मथुरामा आएपछि राधिका र भगवान् कृष्णका १६ हजार गोपिनीहरूले भगवान् कृष्णको सम्झनामा मनाउने समाचकेवा कालान्तरमा दाजुबहिनीको प्रेम र सद्भावको मौलिक पर्वमा रूपान्तरित भएको कलैया उपमहानगरपालिका-१६ उत्तरझिटकैयाका पुरोहित नन्दकिशोर मिश्रले बताए ।

'यो पर्वमा पहिला दाजुलाई गीतिशैलीमा बहिनीले मार्ने र फेरी गीति शैलीको माध्यमले नै जीवित बनाउने गर्छन', उनले भने, 'यस दृश्यलाई सर्वसाधारणले अभिरुची पूर्वक अवलोकन गर्ने र गीत सुन्ने गर्दछन् ।'

आफूले पनि अभिरुचीपूर्वक किशोरीहरूले गाएको समाचकेवाको लोकगीत सुन्ने गरेको उनले बताए । २ सातासम्म मनाइने यस सांस्कृतिक पर्वमा रातको समयमा गाउँघरका खासगरी कुमारी कन्याहरू एकत्रित भई माटोले बनाइएको मूर्तिहरूको लोकगीत गाएर पूजाआजा गर्ने गर्दछन् ।

पर्वको अन्तिम दिन पूर्णिमाको रातमा उक्त मूर्तिहरूलाई परम्परागत गीत गाउँदै फुटाउँछन् । अनि गाउँघर नजिकको नदी, जलाशय, पोखरी, सरोवर आदिमा लगी सेलाएर आफ्ना दाजुभाइहरूलाई मिठाई पकवान आदि खुवाएर यो पर्व विधिवत रूपमा सम्पन्न गर्छन् ।

'मूर्ति सेलाउने दिन किशोरी–हरूले आ-आफ्नो अभिभावकबाट संकलन गरेको भेटीलाई एकत्रित गरी त्यसबाट दूध, चिनी, तरकारीको परिकार खरिद गर्छौं', कलैया उपमहा-नगरपालिका-२ औधापुरकी किशोरी सोनीकुमारी ठाकुरले भनिन्, 'घरमा उपलब्ध भएको चामल संकलन गर्छौं र पकाउँछौं ।' यसरी पकाएको परिकार आफूसँगै गाउँका दाजुभाइलाई समेत बोलाएर श्रद्धापूर्वक खुवाउने गरेको उनले बताइन् । समाचकेवामा चकेवा (दाजु), समा (भाउजु), खिडलिच (बहिनी), बृन्दावन र चुङ्गला (भाइहरू) समेत गरी पाँच जनाको रंगीन मूर्तिहरू कुशले बनाइएको र ंगीन भाँडोमा राखेर गाउँभरी घुमाएर घरघरै अन्न, नगद आदि उपहार स्वरूप संकलन गर्ने गरिएको उनले जानकारी दिइन् ।

पर्वको अन्तिम दिन भेटी स्वरूप उठेको अन्नपात र नगदबाट भोजभतेर गरी गाउँभरीका मान्यजन र इष्टमित्रहरूलाई एकत्रित गरेर खाने खुवाउने चलन रही आएको अर्का किशोरी खुशबु कुमारीले बताइन् ।

उक्त अवसरमा नाचगान गरेर मनोरञ्जन गर्ने चलनसमेत रहेको उनले जानकारी दिइन् । यसपर्वको अवसरमा तराईका अधिकांश गाउँमा आर्केस्ट, लबन्डा नाच, बिहुलाको नाच, ड्रामाको आयोजना गर्ने गरिएको बारा उत्तरझिटकैयाकी किशोरी राधिकाकुमारी मण्डलले बताइन् ।

'हामीले नाच नचाउने व्यवस्था मिलाएका छौं', उनले भनिन्, 'त्यसका लागि गाउँबाट चन्दा संकलन गरेका छौं ।' यस पर्वमा मूर्तिहरूको अलावा केसार, फूल, कचो, चुलेसी, गाजल बनाउने भाँडो (कजरौटा) आदि प्रयोग हुने गरेको उनले बताइन् ।

दाजुबहिनीको रक्त सम्बन्धलाई प्रगाढ बनाउँदै यस पर्वको एक पात्र चुङ्गलाको खराब छविलाई इङ्गित गर्दै उसको कृतिम दाडी जुंगा जलाउँदै समाचकेवा खेल्ने गरिन्छ । लोपोन्मुख रहेको यस पर्वलाई जीवन्त राख्नका लागि सबै सचेत हुनुपर्ने बेला आइसकेको नागरिक समाज बाराका अध्यक्ष उमेशलाल दासले बताए ।

'दाजुभाइ दिदीबहिनीको प्रेम सम्बन्ध झल्काउने पर्व हो समाचकेवा', उनले भने, 'यसले माया स्नेह बढाउँछ ।' बिस्तारै हामीले लोक संस्कृति झल्काउने यस्ता चाडपर्व हराउने क्रम बढेको उनको बुझाइ छ । सबैले आआफ्नो स्थानबाट रीति संस्कृतिलाई झल्काउने चाडपर्वको जगेर्ना गर्नुपर्नेमा उनले जोड दिए ।

# मकवानपुरमा व्यावसायिक 'ड्रागन फ्रुट' खेतीमा आकर्षण बढ्दै



सन्देश संवाददाता

**हेटौंडा/वर्षमा दुई पटक फल दिने र खेती गर्न पनि सहज हुने भएकाले पछिल्लो समय ममकवानपुर जिल्लाका केही पालिकाका किसान 'ड्रागन फ्रुट' खेतीतर्फ आकर्षित भएका छन् ।**

**सुख्खा ठाउँमा खेती गर्न सकिने, खेती गरिएको जमिनभित्र अग्ला नहुने विभिन्न जातका फलफूल, अदुवा बेसार, लसुन प्याजलगायत सँगसब्जी पनि उत्पादन गर्न सकिने भएकाले दोहोरो फाइदा हुने देखेपछि मकवानपुरका किसान ड्रागन फ्रुटखेतीतर्फ आकर्षित भएका हुन् ।**

**बिशेषगरी मकवानपुरको हेटौंडा उपमहानगरपालिका र मकवानपुरगढी गाउँपालिकामा 'ड्रागन फ्रुट' खेतीमा किसानको आकर्षण धेरै छ । खेत भभाडामा लिएर समेत यसको खेती गर्न थालेका छन् ।**

**मकवानपुरगढी गाउँपालिकाको धादिङ, ज्यामिरे, डुम्रेकुनालगायतका क्षेत्र, हेटौंडा उपमहानगरपालिकाको पदमपोखरी, हटियालगायतका क्षेत्रमा यसको खेती गर्ने किसानहरु बढेका छन् ।**

**पहिला ड्रागनका फाइदासहित यसकाबारेमा जानकारी नहुँदा खेतीप्रति आकर्षण नभएको बताउँदै पछिल्लो समय सामाजिक सञ्जाल युट्युब हेरेर जानकारी पाएपछि व्यावसायिक खेती विस्तार गर्नेहरु बढेका छन् ।**

**"सुरुमा खेती गर्दा गाउँलेले 'यो सिउँडी जस्तो के खेती गरेको ?' भनेर आलोचना पनि गरे । पहिलो उत्पादन गाउँलेलाई चखाएपछि उहाँहरूले पनि खेतीप्रति चासो देखाउन थालेको मकवानपुरगढी ५ ज्यामिरेका नबराज हुमागाईले बताए । अहिले हेटौंडा बजारमा 'ड्रागन फ्रुट'को माग पनि निकै बढेको बताए ।**

**वर्षमा दुई पटक उत्पादन दिने यो फल स्वादिलो हुनुका साथै पर्याप्त पौष्टिक तत्व पनि पाइने भएकाले अन्तर्राष्ट्रिय बजारबाट यसको माग बढी आउने गरेको छ । अहिले स्थानीय क्षेत्रमा पनि यसको माग पहिलेको तुलनामा बढेको किसानहरु बताउँछन् । यो फल बिरामीका लागि उपयुक्त हुने चिकित्सकहरूले बताएका भन्दै प्रशस्त उत्पादन भए बजारीकरणको समस्या आउँदैन ।**

**यो फल एक पटक लगाइसकेपछि ५०औं वर्षसम्म ढुक्क हुने र यसलाई धेरै मिहिनेत नगरीकन आम्दानी लिन सकिने भएकाले आफू खेतीतर्फ आकर्षित भएको किसानहरु बताउँछन् ।**

# राष्ट्रपति रनिङ शिल्ड तथा मेयरकप भलिबल प्रतियोगिता

सन्देश संवाददाता

**हेटौंडा/मकवानपुरको थाहा नगरपालिकामा राष्ट्रपति रनिङ शिल्ड तथा मेयरकप भलिबल प्रतियोगिता सुरु भएको छ । उक्त प्रतियोगिता थाहा नगरपालिका वडा नम्बर ३ मा रहेको इन्द्रायणी चौर मा बिहिबारदेखि सुरु भएको हो ।**

**मार्चपाससहित प्रतियोगिताको उद्घाटन थाहा नगरपालिकाका नगर प्रमुख बिष्णु बिष्टले गरेका थिए । मंसिर १ गतेसम्म संचालन हुने प्रतियोगितामा थाहा नगरका ६ संस्थागतसहित १७ वटा विद्यालयका कक्षा १२ सम्मका विद्यार्थीहरुले सहभागीता जनाउने आयोजकले जनाएको छ ।**

**नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत आयोजित**



**प्रतियोगितामा १०० मिटर, २ सय मिटर, ४ सय मिटर, ८ सय मिटर, १५ सय मिटर तथा ३ हजार मीटर छात्रछात्रा दौड हुनेछ । यस्तै, छात्र–छात्रा १ सय मिटर र ४ सय मिटर रिले दौड, हाईजम्प, त्रिपल जम्प, सटफुट तथा मार्चपास रहेका छन् भने कराते प्रतियोगिता पनि सञ्चालन हुनेछ ।**

**प्रतियोगितामा प्रथम, द्धितिय र तृतिय हुने विद्यालयले क्रमशः नगद २५ हजार, १५ हजार र १० हजार सहित शिल्ड मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।**

**त्यस्तै, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामै अंक जोडिने गरी हुने मेयर कप भलिबल भने छात्र र छात्रातर्फ हुने थाहा नगरपालिकाका शिक्षा शाखाले जनाएको छ ।**

**मेयर कप भलिबल प्रतियोगितामा प्रथम, द्धितीय र तृतीयले क्रमशः नगद १५ हजार, १० हजार र ५ हजारका साथै शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ ।**

## सन्दर्भः विश्व विकास सूचना




**सूचना र सञ्चार प्रविधिहरूले विकासको चुनौतीहरू, विशेषगरी विश्वव्यापीकरणको सन्दर्भमा नयाँ समाधान प्रदान गर्न सम्भव छ र आर्थिक वृद्धि, प्रतिस्पर्धा, सूचना र ज्ञानको पहुँच, गरीबी उन्मूलन र सामाजिक समावेश– लाई प्रोत्साहन दिन सक्छ ।**

**सन् १९७२ मा संयुक्त राष्ट्र संघको साधारण सभाले विश्व विकास सूचना दिवस स्थापना गरेको छ । तिनीहरूलाई समस्याको समाधान गर्न अन्तर्राष्ट्रिय सहयोगलाई बलियो बनाउने संकल्प लिएको हो । त्यस एता हरेक वर्षको २४ अक्टोबरको दिनमा विश्वभरि 'विश्व विकास सूचना दिवस' मनाइन्छ । राष्ट्र संघको विधानस भाले बताएको छ कि सूचनाको प्रसार र गतिशीलताले खासगरी युवा मान्छेमा रहने विकासको समस्या–हरुको बारेमा अधिक जागरूकताको नेतृत्व गर्नेछ, यसले विकासको लागि अन्तर्राष्ट्रीय सहयोगको क्षेत्रमा प्रयासको बढावा दिन्छ ।**

**विधानसभाले विकासको केन्द्रीय भूमिका बलियो बनाउन यस दिनलाई संयुक्त राष्ट्र दिवसको दिनमै मनाउदै आएको हो ।**







## ड्राइभिङ्ग सिक्ने हैन त ?

हामी सिकाउँछौं तपाईंलाई साइकलदेखि जेसीबीसम्म

हामी आएका छौं काठमाडौंदेखि हेटौंडासम्म तपाईहरुलाई कुनै पनि सवारी साधनको लाइसेन्स लिन सक्ने दक्ष बनाएर ग्यारेण्टी सहित सिकाएर हामी सवारी साधन र यस सम्बन्धि सम्पूर्ण पार्टपुर्जाको जानकारी सहित आफ्नै ट्रायलसेन्टरमा छिटो, छरितो र सस्तोमा तालिम दिंदै रोडटेष्ट गरिन्छ ।

यहाँ अनलाइन फर्म पनि भरिन्छ ।

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा–४, सितलमहल ओम्याक्स हल अगाडी

सम्पर्क: ९८१७२८४६१४, ९८४५१७९४१५, ९८४५६२३५६९

# थपिएको मन्त्रालयमा छैन कुनै कानुनी अधिकार




सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले भागबण्डाका लागि पटकपटक मन्त्रालयको संख्या बढाउने गरेको छ। हालैमात्र पनि मन्त्रालय विभाजन गरिएको छ। तर मन्त्रालय विभाजन गरे पनि सरकारले व्यवस्थापनका विभिन्न प्रक्रिया समयमै पूरा नगर्दा कतिपय मन्त्रालय नाममा मात्र सीमित रहँदै आएका छन्।

प्रदेश सरकारले सत्तामा भागबण्डा कै लागि गत मंगलबार एक मन्त्रालय थपेको छ। लामो समयदेखि विनाविभागीय रहँदै आएका मन्त्रीलाई विभाग तोक्न प्रदेश सरकारले मन्त्रालय विभाजन गरी एउटा नयाँ मन्त्रालय खडा गरेको हो।

जस अनुसार संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयबाट सहकारी र गरिबी निवारण विभाग मिलाएर गरिबी निवारण तथा सहकारी मन्त्रालय खडा गरिएको छ।

गत साउन ९ मा मुख्यमन्त्री बहादुरसिंह लामाले एमाले र कांग्रेससहितको गठबन्धनबाट १४ मन्त्री नियुक्त गरेका थिए। जबकि, बागमती प्रदेशमा १३ मन्त्रालयमात्र थिए। प्रमुख दुई दलबिच भएको सत्ता भागबण्डामा एमालेले ६ र कांग्रेसले मुख्यमन्त्रीसहित ७ मन्त्रालय लिने सहमति बनेको थियो। तर, कांग्रेसभित्रको कलहका कारण सरकारमा ८ जना नियुक्त भएका थिए। मन्त्रालयभन्दा मन्त्रीको संख्या बढी भएपछि एक मन्त्रीलाई विनाविभागीय राखिएको थियो।

मुख्यमन्त्री लामाले सरकारको नेतृत्व गरेको ११० दिनमा मन्त्रालय विभाजन गरेर मन्त्रीको व्यवस्थापन गरेका हुन्। मन्त्री व्यवस्थापन गर्न पटकपटक मन्त्रालय थप भए पनि सरकारले मन्त्रालय व्यवस्थापनमा भने चासो देखाएको पाईदैन।

बागमती प्रदेशमा २०७८ भदौमा पहिलो पटक मन्त्रालय विभाजन भएको थियो। तत्कालीन मुख्यमन्त्री अष्टलक्ष्मी शाक्यले सामाजिक विकास मन्त्रालयबाट स्वास्थ्य मन्त्रालय अलग गरेकी थिइन्। एमालेको एकल सरकार रहेका बखत शाक्यले पार्टी विभाजन रोक्न प्रदेशमा कायम रहेको ७ मन्त्रालयलाई विभाजन गरी ८ वटा बनाएकी थिइन्।

२०७८ मंसिरमा तत्कालीन मुख्यमन्त्री राजेन्द्र पाण्डेले मन्त्रालय विभाजन गरी १४ वटा बनाएका थिए। १४ महिना १४ मन्त्रालय रहेको प्रदेशमा २०७९ माघमा माओवादी केन्द्र, एमाले र राप्रपा सम्मिलित सरकारले तीन वटा मन्त्रालय घटाएर ११ वटा कायम गरेको थियो। सरकार परिवर्तनपछि कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी गठबन्धनबाट तत्कालीन मुख्यमन्त्री शालिकराम जम्कट्टेलले एक मन्त्रालय थपेका थिए। २०८० भदौमा कांग्रेसका विनाविभागीय मन्त्रीलाई जिम्मेवारी दिन मन्त्रालय थपिएको थियो।

२०८१ असारमा जम्कट्टेलले फेरि मन्त्रालय विभाजन गरेका थिए। उनले सो समयमा एकीकृत समाजवादीको विनाविभागीय मन्त्रीलाई जिम्मेवारी दिन मन्त्रालय फुटाएर १३ वटा कायम गरे।

पटकपटक मन्त्रालय विभाजन भए पनि प्रदेश सरकारले कानुनी प्रक्रिया पूरा नगर्दा नयाँ मन्त्रालय सम्हालेका मन्त्री भूमिका विहीन हुने गरेका छन्। २०७८ मा गठन भएको स्वास्थ्य मन्त्रालयलाई प्रदेश सरकारले अझै कानुनी अधिकार दिन सकेको छैन। कानुन संशोधन गरेर अधिकार दिन नसक्दा स्वास्थ्य मन्त्रालयअन्तर्गतका नियुक्तिहरूमा स्वास्थ्यमन्त्री भूमिका विहीन हुने गरेका छन्। स्वास्थ्य मन्त्रालय मातहतको नियुक्तिमा अहिले पनि सामाजिक विकासमन्त्रीले कानुनी रूपमा निर्णय गर्नुपर्ने अवस्था देखिएको छ।

स्वास्थ्य मन्त्रालयअन्तर्गतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन संशोधन नहुँदा सो मातहतको नियुक्तिसमेत सामाजिक विकासमन्त्रीले गर्नु परेको थियो। मन्त्रालय गठन भएको ४ वर्षसम्म मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ संशोधन नगर्दा प्रतिष्ठानको उपकुलपति, रजिष्ट्रार र संयोजकको नियुक्ति स्वास्थ्य मन्त्रीले गर्न पाएका थिएनन्।

प्रदेश सरकारले गत असोज १६ मा प्रतिष्ठानको उपकुलपतिमा डा. प्रदिप ज्ञवालीलाई नियुक्त गरेको थियो। त्यतिबेला सामाजिक विकासमन्त्री हरिप्रभा खड्गीको सिफारिसमा नियुक्ति गरिएको थियो। स्वास्थ्यमन्त्री हुँदाहुँदै पनि कानुनी समस्याका कारण सामाजिक विकासमन्त्री खड्गीले असोज १८ मा प्रतिष्ठानको रजिष्ट्रारमा भिमसागर गुरागाई र संयोजकमा चिरञ्जिवी चुँडाललाई नियुक्त गरेकी थिइन्। दुवै नियुक्ति स्वास्थ्यमन्त्री किरण थापाले गर्नुपर्ने भएता पनि कानुनी अड्चनका कारण उनको सहमतिमा मन्त्री खड्गीले गरेकी थिइन्।

२०८१ असारमा सामाजिक विकास मन्त्रालयबाट अलग गरेर युवा तथा खेलकुद मन्त्रालय गठन गरिएको थियो। उक्त मन्त्रालय अन्तर्गत रहेको प्रदेश खेलकुद विकास परिषदको सदस्यसचिव र जिल्ला खेलकुद विकास समितिको अध्यक्ष नियुक्तिका क्रममा खेलकुदमन्त्रीले कुनै भूमिका पाएनन्। गत भदौ २६ मा सामाजिक विकास मन्त्री खड्गीले नै परिषद्को सदस्यसचिवमा दीपक लामालाई नियुक्त गरेकी थिइन्।

कानुन संशोधन नहुँदा उक्त नियुक्तिमा खेलकुदमन्त्री मीनकृष्ण महर्जनको प्रत्यक्ष भूमिका रहेन। उक्त विषयमा मन्त्री महर्जनले चर्को विरोध गरेपछि प्रदेश खेलकुद विकास ऐन २०७५ संशोधन गर्ने चासो देखाएको छ।

त्यसो त सरकारले प्रदेश युवा परिषद् ऐन २०७६ समेत संशोधन गर्नुपर्ने हुन्छ। तर, सरकारले यस्तो विषयमा ध्यान दिएको देखिंदैन। सरकारले प्रदेश खेलकुद विकास ऐन २०७५ संशोधन प्रस्ताव प्रदेश सभामा पेस गरे पनि सो बाहेक अन्य कुनै प्रस्ताव संसदमा प्राप्त नभएको प्रदेश सभा सचिवालयका प्रवक्ता मनोज कुमार गुप्ताले जानकारी दिए।

बागमती प्रदेश सरकारले भागबण्डा र मन्त्री व्यवस्थापनका लागि नयाँ मन्त्रालय खडा गरे पनि कानुनी अधिकार दिन भने सकेको छैन। हालै विभाजन गरिएको गरिबी निवारण तथा सहकारी मन्त्रालयको व्यवस्थापनमा पनि सरकारले काम गर्न सकेको छैन। सरकारले खडा गरेको नयाँ मन्त्रालयका लागि भवन अभाव छ भने कर्मचारी, बजेट कार्यक्रम व्यवस्थापन हुन सकेको छैन।

नयाँ मन्त्रालय भाडाको घरमा राख्नुपर्ने बाध्यता छ भने कर्मचारीलाई दोहोरो जिम्मेवारीमा खटाउनु पर्ने अवस्था छ। सो मन्त्रालयका लागि साविकको मन्त्रालयबाट बजेट कार्यक्रम छुट्याएर ल्याउनुपर्ने बाध्यता छ भने सहकारीसँग सम्बन्धित ऐन, नियम, नियमावली संशोधन गर्नुपर्ने अवस्था छ।

*कानुन संशोधनको प्रक्रिया लामो हुने रहेछ : मुख्यमन्त्री लामा*

बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले मन्त्रालय व्यवस्थापनको प्रक्रिया लामो हुने भएकाले केही समय लाग्ने बताए। विगतमा कानुन निर्माण गर्ने बखतमा सरकारमा रहेका व्यक्तिहरूले ध्यान दिन नसकेका कारण समस्या भएको उनको भनाइ छ।

मुख्यमन्त्री लामाका अनुसार कानुन कार्यान्वयनको चरणमा अघि बढ्ने क्रममा केही समय त्रुटि देखिए पनि सरकारले त्यसलाई व्यवस्थापन गरिरहेको छ। कानुन संशोधनको प्रक्रिया लामो हुने उनले बताए।

'हामीले मन्त्रालय व्यवस्थापनका लागि काम गरिरहेका छौं। केही कानुन संशोधन गर्नुपर्ने देखिएको छ। पहिलेका सरकारले त्यसतर्फ ध्यान दिन नसक्दा समस्या भएको हो,' उनले भने, 'विगतमा हामीलाई पनि थाहा भएन।'

मन्त्रालय र मन्त्रीलाई कानुन अनुसार जिम्मेवारी दिन सरकारले सहजीकरण गरिरहेको मुख्यमन्त्री लामाले जानकारी गराए। बागमती प्रदेश सरकारले बनाएका सबै कानुन पुनरवलोकन गर्ने तयारी रहेको उनको भनाइ छ।

*साभार : रातोपाटी*

# उपमहानगरले गऱ्यो २०८०/०८१ को समिक्षा

सन्देश संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगर पालिकाको आर्थिक वर्ष २०८०/०८१ मा भएका कामको वार्षिक समिक्षा भएको छ।

शुक्रबार भएको समिक्षा कार्यक्रमको अध्यक्षता ग्रहणगर्दै नगर प्रमुख मिनाकुमारी लामाले जनतालाई समस्यामा नपारी सेवा दिन निर्देशन दिइन्। उनले जनतालाई दुःख नहुने गरी सेवा प्रदान गर्नु स्थानीय सरकारको पहिलो दायित्व भएको बताइन्।

वडातहको सरकारलाई बलियो बनाउंदै उपमहानगरले जनताले सहजै सरकारको अनुभुति दिलाउने काम गरेको भन्दै उनले कुनै पनि अवस्थामा जनतलाई निरास नबनाई सेवा दिन सुझाइन्। नगर प्रमुखलामाले वडा अध्यक्ष र उपमहानगरका कर्मचारीहरुलाई नगर बासीको हरेक समस्या समाधान गर्दै उनीहरुको क्षमता अभिवृद्धिमा ध्यान दिन निर्देशन दिइन्। लामाले कर्मचा-रीलाई उपमहानगरमा काम लिएर आएका नगरबासीको कामहरु समयमै सक्नु पर्नेमा जोड दिइन्। उपमहानगर बाट प्रदान हुने सबै प्रकारका सेवामा गुणस्तरीय काम हुनुपर्ने लामाले बताईन। हाम्रो कामबाट कसैले पनि औंला उठाउन नसक्ने गरी एक अर्कामा समन्वय गरेर नमुना उपमहानगरको रुपमा स्थापित हुनुपर्ने उनको भनाई छ।

समिक्षा कार्यक्रममा सामान्य प्रशासन महाशाखा प्रमुख गोपाल पोखरेलले आन्तरिक प्रशासन, कानुन तथा सुशासन व्यवस्थापन, सम्पत्ति व्यवस्थापन, राजश्व प्रशासनका क्षेत्रमा भएका प्रगति बारे जानकारी गराएका थिए। आर्थिक विकास तर्फको हिमप्रसाद पौडेलले क्षेत्रको वित्तिय प्रगतिसंगै पशुपन्छी विकास, कृषि विकास, उद्योग, सहकारी तथा पर्यटन विकास र प्रधानमन्त्री रोजगार कार्यक्रममा भएका प्रगति बारे प्रस्तुती गरेका थिए।

सामाजिक विकासतर्फ महाशाखा प्रमुख भिमप्रसाद तिमल्सिनाले समाज कल्याण, आयुर्वेद तथा जनस्वास्थ्य प्रवर्द्धनबारे प्रस्तुतीकरण गरेका थिए। वन वाताबरण बिपद् व्यवस्थापन महाशाखा तर्फको सूचना अधिकारी भानुभक्त थपलियाले विपद् प्रतिकार्य, फोहोरमैला व्यवस्थापन र वाताव-रणबारे प्रस्तुतिकरण गरेका थिए। महिला तथा बालबालिका विकासतर्फ भएका कामको बारेमा संगिता उप्रेतीले प्रस्तुती गरेकी थिइन्।

पूर्वाधार विकासतर्फ इन्जिनियर सुबोधकुमार थापाले शहरी पूर्वाधार विकास, योजना कार्यान्वयन तथा सार्वजनिक निर्माण शाखा, भवन इजाजत तथा मापदण्ड कार्यान्वयन शाखा र भुमी इकाईबाट भएका काम कारबाही बारे जानकारी दिए। शिक्षा विकासतर्फको शाखा अधिकृत हरिचन्द्र सापकोटाले शिक्षा तर्फ गरेका कामको बारेमा प्रस्तुति गरेका थिए। उपमहानगरका बिभिन्न वडाहरुले गरेका कामको बारेमा बडा सचिहरुले प्रस्तुति गरेका थिए।

समिक्षा कार्यक्रममा उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत सुर्यप्रसाद गौतम, उपमहानगरका बिभिन्न वडाका अध्यक्ष तथा सचिपहरु, बिभिन्न उपमहानगरका महाशाखा प्रमुखहरुले आफ्ना प्रगति प्रतिवेदन पेश गरेका थिए।




# बागमती प्रदेशमा बनेको हस्तकला विधेयक कार्यन्वयनमा जोड दिदैछौं: सभापति श्रेष्ठ



सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेशका उद्योग, पर्यटन तथा वातावरण समितिका सभापति आनन्दकुमार श्रेष्ठले बागमती प्रदेशमा बनेको प्रदेश हस्तकला ग्राम स्थापना तथा संचालनको सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक २०८१ को कार्यान्यनका लागि आफुहरुले जोड दिइरहेको बताए। यस प्रदेशमा हस्तकलाका सामानहरु उत्पादन हुने र देशभित्र र बाहिरसमेत जाने हुनाले यसको कानून बनाएर आफुहरुले कार्यान्वयनको चरणमा लगेको उनले बताए।

जनपत्र मिडिया प्रा.लि. हेटौंडा-२ को आयोजना तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) को सहकार्यमा प्रदेश हस्तकला ग्राम स्थापना तथा सञ्चालनको सम्बन्धमा ब्यवस्था गर्न बनेको बिधेयक २०८१, को समितिमा छलफलपंछि संशोधन गरि प्रदेशसभाबाट पारित भइ प्रदेश प्रमुखले प्रमाणिकरणसमेत गरेर राजपत्रमा प्रकाशित भएपछि यसक्षेत्रका सरकोकारवालाहरु र पत्रकारहरुलाई जानकारी गराउँदै उनले यस्तो कुरा बताएका हुन्।

यो कानून कार्यान्वयनका लागि पाइलट प्रोजेक्टका रुपमा कार्यान्यनमा जान लागेकोसमेत उनले बताए। कार्यक्रममा मकवानपुर हस्तकला संघका संस्थापक अध्यक्ष ज्ञानभक्त लामाले हस्तकलाको क्षेत्रमा धेरै काम भएको र यसलाई फराकिलो रुपमा बुझ्नका लागि प्रदेश सरकार र सांसदहरुलाई आग्रह गरे। हस्तकलाको क्षेत्रमा आफुले बिगत ५० वर्षदेखि काम गर्दै आएको तर, यस क्षेत्रमा राज्यले कुरा नबुझ्दा थप समस्या भएको उनले बताए।

हस्ताकला संघका सल्लाहकार तथा नेपाल उद्योग बाणिज्य संघका पूर्वकेन्द्रीय सदस्य सर्मिला डंगोलले हस्तकलाका कारण बिदेशमा चिनाउन सकिएकोले यस क्षेत्रमा सरकारले पनि ध्यान दिन जरुरी रहेको बताए। हस्तकलाको क्षेत्रमा थोरै लगानीबाट धेरै कामदार राखेर काम गर्दा थप रोजगारीको समेत सृजना भएकाले यसक्षेत्रमा सरकारीले कानून मात्र बनाउने होइनकी काम गरिरहेका हरुलाई प्रोत्साहनका कार्यक्रम पनि ल्याउनुपर्नेमा जोड दिए।

कार्यक्रममा बागमती प्रदेशसभाको उद्योग, पर्यटन तथा वातावरण समितिका सचिव राजु श्रेष्ठलगायतकाको कार्यक्रममा आतिथ्यता रहेको थियो। यस बिधेयकका बिषयमा जनपत्र मिडिया प्रा.लि. हेटौंडा-२ को आयोजना तथा संसद सहयोग परियोजना संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको सहयोगमा बिधेयकको समितिमा छलफलका बेला सरोकारवाहरुको सुझाब लिने कार्यक्रम गरिएको थियो।

कार्यक्रमबाट आएका सुझाबहरुलाई तीन महले सुझाबसहित समितिलाई बुझाइनेछ। त्यसपछि कानून पारित भएर प्रदेशको राजपत्रमा प्रकाशित हुनेछ।


## कर्मचारी आवश्यकता

यस सहकारी संस्थाका लागि १ जना कर्मचारीको आवश्यकता भएकोले योग्यता पुगेका नेपाली नागरिकले संस्थामा सम्पर्क राख्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**पद** : कार्यालय सहायक, **तह** : ४ (चौथो)
**शैक्षिक योग्यता** : न्यूनतम, +२ (व्यवस्थापन संकाय, विज्ञान संकाय वा अर्थशास्त्र, गणित वा कम्प्युटर मुख्य विषय लिई +२ उत्तिर्ण वा कुनै पनि संकायमा +२ प्रथम श्रेणीमा उत्तीर्ण)
**उमेर** : १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
**आधारभूत तलब** : रु. २१,२७५।००
**भत्ता** : रु. १०००/०० + रु. ५०००/०० एकहजार शुरुबाट नै पाउने (बाँकी परीक्षण कालपछि)
**अन्य सुविधा** : एक महिनाको तलब मेडिकल सुविधा, एक महिनाको दशै र नाफाको आधारमा बोनस परीक्षण कालपछि।
**परीक्षणकाल** : १ वर्ष
**विशेष क्षमता** : कम्प्युटर डिप्लोमा हुनुपर्ने, Word, Excel तथा Power Point मा राम्रो क्षमता भएको।
**आवश्यक कागजात** : शैक्षिक योग्यताको प्रमाण पत्र, चारित्रिक प्रमाण-पत्र, नागरिकता र तालिमको पमाण-पत्र
**परीक्षाको किसिम** : लिखित, मौखिक तथा प्रयोगात्मक
**दरखास्त खुल्ला मिति** : २०८१ कात्तिक २८ गते
**दरखास्त अन्तिम मिति** : २०८१ मंसिर १२ गते कार्यालय समयभित्र
**लिखित परीक्षा** : २०८१ मंसिर १४ गते
**मौखिक तथा प्रयोगात्मक** : २०८१ मंसिर १५ गते
**नतिजा प्रकाशन** : २०८१ मंसिर १६ गते
**परीक्षा दस्तुर** : रु. १०००/०० (एक हजार मात्र )

**साइराम बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२ संगमचोक देवीपथ । सम्पर्क नं. : ९८४५२८८३२४

## आकर्षक घडेरी बिक्रीमा

मकवानपुर बहुमुखी क्याम्पस नजिक, हेटौंडा-२, जिल्ला प्रशासन कार्यालयबाट पुर्वतर्फ एक मिनेटको दुरीमा रहेको वनस्खण्डी टोलमा घडेरी बिक्रीमा इच्छुकले सम्पर्क गर्न सक्नु हुनेछ।
(**नोट**: आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग उपयुक्त लागेमा साट्नसमेत सकिनेछ।)

**सम्पर्क नम्बर: ९८४५१२३३६६**

## सुबिधायुक्त घर भाडामा

हेटौंडा-४ पुष्पलालपार्क नजिकै रहेको पर्याप्त पार्किङ सुविधासहितको सुबिधायुक्त गार्ड रुम सहितको २ फ्ल्याटको आकर्षक घर भाडामा उपलब्ध छ। ईच्छुकले सम्पर्क राख्नुहोला।

**सम्पर्क: ९८४८६६४५६२**






**Gorkhali Trade & Suppliers**
Rajatjayanti Path, Hetauda-04
CG motocorp
**Contact:** 057-522018, 9802900316
TOLL FREE NO. 9801571571



## आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा




आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
**सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७**



# शुभम यातायात प्रा. लि. द्वारा नयाँ EV को प्रस्तुति

**ELECTRIC UAN (AC EV) वातावरणमैत्री विद्युतीय यात्रुवाहक सेवा**

२०८१ साल आषाढदेखि हेटौंडा उपमहानगरमा स्थापना भएर यात्रु महानुभावहरूलाई सजिलो, भरपर्दो र AC युक्त आरामदायी EV सेवा प्रदान गर्दै निरन्तर वातावरणमैत्री विद्युतीय सवारी साधन Electric van (AC EV)मा यात्रुहरूको सुझावसहित गुणस्तरीय सेवा पुऱ्याउने सहर्ष जानकारी गराउँदछौ।




**हेटौडादेखि काठमाण्डौसम्म** — **काठमाडौदेखि हेटौडासम्म**

सदैव सजिलो, आरामदायी शुभयात्राको लागि सम्झनुहोस।
**यस कम्पनीद्वारा सञ्चालित EV माइक्रो, स्कार्पियो तथा जीप रिजर्वको लागि सम्पर्क गर्नुहोस्।**




सञ्चालक : शुकराम रुम्बा
**शुभम यातायात प्रा.लि.**
हेटौंडा-४, कान्तिराजपथ, कुमारी बैंक भित्र,
**सम्पर्क नं. : ९८५५०३१४२४, ९८०३८५१५९८, ९८४५०७७२२६**


प्रकाशकः केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रितः सन्देश छापाखाना ॥ कार्यालयः हेटौंडा-२ मानस चोक ॥ फोनः ०५७-५२२२३७, ५२४२३६, ॥ E-mail: htd.sandesh@gmail.com, ॥ सम्पादकः माधव न्यौपाने